# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं भाद्र २२ गते २०१० साल [ संख्या ५

## भाग २

## अर्थमन्त्रालयको सूचना

अर्थमन्त्रालयका सेक्रेटरी तथा अर्थ—खर्चविभागका डिपुटी सेक्रेटरी, असिष्टेण्ट सेक्रेटरीहरूको अखतियारी ।

अर्थमन्त्रालयका सेक्रेटरी तथा अर्थ--खर्चविभागका डिपुटी सेक्रेटरी र असिष्टेण्ट सेक्रेटरीहरू ।

आज हामीबाट तिमीलाई सुम्पिबक्सेको प्रधानमन्त्री र अर्थमन्त्रीको पदको प्रशासकीय अखतियारीमध्ये अर्थमन्त्रीको हैसियतबाट तिमीले हामीबाट स्वीकृति भएको वा पछि स्वीकृत हुने बजेट अथवा पूरक बजेटबाट प्रचलित ऐन सवालबमोजिम सरकारी कामको खर्चको निमित्त निकाशा वा सहमति दिने आफ्नो अधिकारलाई ऐन सवालमुताबिक हद सीमाको स्पष्ट तथा तोकी अर्थविभागका सेक्रेटरी, डिपुटी सेक्रेटरी, असिष्टेण्ट सेक्रेटरीहरूलाई सुम्पने अथवा जरूरतअनुसार झिक्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

वा थप घट गर्ने अधिकार पनि तिमीलाई सुम्पिबक्सेका छौं भन्ने र अर्थमन्त्रालयका सेक्रेटरी, डिपुटी सेक्रेटरी वा असिष्टेण्ट सेक्रेटरीले खर्चको निकाशा गर्दा वा आदेश गर्दा बजेट वा सप्लिमेण्टरी बजेट वा भोट अन—अकाउण्टबाट निकाशा भएका कलमहरूका हकमा अर्थमन्त्रीले दिएका अख्तियारीबमोजिम मात्र निकाशा दिने र आदेश गर्ने गर्नुपर्छ । अर्थमन्त्रीले यस्तो अख्तियारी बहाल गर्नासाथ बनाई दिनुपर्दछ । अर्थमन्त्री अदली बदली भएमा नयाँ अख्तियारी बनाई नदिएसम्म साविकै अख्तियारीबमोजिम काम काज गर्ने गर्नू भन्नेसमेत १०।३।४ मा लालमोहर भएअनुसार अर्थमन्त्रालयका तपाई सेक्रेटरी, डिपुटी सेक्रेटरी र असिष्टेण्ट सेक्रेटरीहरूलाई तल लेखिएबमोजिम खर्चको निकाशा आदेश र स्वीकृति दिने अख्तियारी दिएको छु । सोबमोजिम काम काज गर्नुहोला ।

१. बजेट, सप्लिमेण्टरी वा पूरक बजेट अथवा भोट अन–अकाउन्टबाट खर्च गर्ने स्वीकृति भएको पक्के कलमहरूका हकमा एक रिपोर्ट आदेशमा रु ३०० सम्मको खर्चको स्वीकृति, निकाशा वा आदेश आफ्नो उत्तरदायित्वमा असिष्टेण्ट सेक्रेटरीले आफ्नो छाप वा दस्तखत लगाई स्वीकृति, निकाशा वा आदेश दिई पठाए हुन्छ ।

२. बजेट, सप्लिमेन्टरी वा पूरक बजेट अथवा भोट अन-अकाउन्टबाट खर्च गर्ने स्वीकृति भएका पक्के कलमहरूको एक रिपोर्ट आदेशमा रु ५०० सम्मको स्वीकृति निकाशा वा आदेश डिपुटी सेक्रेटरीको उत्तर दायित्वमा डिपुटी सेक्रेटरी र असिष्टेण्ट सेक्रेटरीको छाप वा दस्तखत लगाई स्वीकृति निकाशा, वा आदेश दिई पठाए हुन्छ ।

३. बजेट, सप्लिमेन्टरी वा पूरक बजेट अथवा भोट अन– अकाउन्टबाट खर्च गर्ने स्वीकृति भएका पक्के कलमहरूको एक रिपोर्ट आदेशमा रु. ३००० सम्मको खर्चको स्वीकृति, निकाशा वा आदेश सेक्रेटरीको उत्तरदायित्वमा सेक्रेटरी, डिपुटी सेक्रेटरी र असिष्टेन्ट सेक्रेटरीको छाप वा दस्तखत लगाई स्वीकृति निकाशा वा आदेश दिई पठाए हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

४. बजेट, सप्लिमेन्टरी वा पूरक बजेट अथवा भोट अन–एकाउण्टबाट खर्च गर्ने स्वीकृति भएका वर्षदिनसम्मको म्यादी पदको स्वीकृति, निकाशा वा आदेश दिने कुराका हकमा तल लेखिएबमोजिम गरे हुन्छ।

(क) डिपुटी सेक्रेटरीको उत्तरदायित्वमा डिपुटी सेक्रेटरी र असिष्टेण्ट सेक्रेटरीको छाप वा दस्तखत लगाई २२-२७, २५-३०, २७-३५, ३०-५५, ३०-५०, ३५-६०, ४०-७०, ४५-६० ४५-८०, ५०-६०, स्केलको तलब खाने कर्मचारीहरू सम्मको नियुक्तिको स्वीकृति निकाशा वा आदेश डिपुटी सेक्रेटरीले दिए हुन्छ।

(ख) सेक्रेटरीको उत्तरदायित्वमा सेक्रेटरी, डेपुटी सेक्रेटरी र असिष्टेण्ट सेक्रेटरीको छाप वा दस्तखत लगाई गजेटेड वा सालको रु २४०० र त्यसभन्दा बढी तलब खाने कर्मचारी बाहेक अरू कर्मचारीहरू सम्मको नियुक्तिको स्वीकृति, निकाशा वा आदेश सेक्रेटरीले दिए हुन्छ।

५ बजेट सप्लिमेन्टरी वा पूरक बजेट अथवा भोट अन–एकाउन्टबाट खर्च गर्ने स्वीकृति भएका सालबसाली पदको स्वीकृति, निकासा वा आदेश दिने कुराका हकमा गजेटेड वा सालको रु. २४०० र त्यसभन्दा बढी तलब खाने कर्मचारीबाहेक अरू सेक्रेटरीको उत्तरदायित्वमा सेक्रटरी, डेपुटी सेक्रेटरी र असिस्टेण्ट सेक्रेटरीको छाप वा दस्तखत लगाई सेक्रेटरीले स्वीकृति निकाशा वा आदेश दिए हुन्छ।

६ माथि दफा दफामा उल्लेख भएका अखतियारीबमोजिम स्वीकृति निकाशा वा आदेश दिंदा नीतिको कुरा पर्न आउने देखिएमा असिष्टेण्ट सेक्रेटरी, डेपुटी सेक्रेटरी र सेक्रेटरीले आफ्ना तजबिजले आफूभन्दा माथिल्लो तहमा साध्ने गर्नुहोला।

७ आफ्नो अखतियारीभित्र परेको भए तापनि आफूभन्दा माथिल्लो तहकाले कुनै कलम पेश गर्न ल्याउनू भनी लेखी पठाएमा सोहीबमोजिम गरी निकाशा दिएअनुसार गर्नुहोला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

४५

८ माथिका दफा दफामा लेखिएका कुरामा सोहीबमोजिम र सोबाहेक अरू कुरामा सेक्रेटरीले अह्रेउ साथी मेमो सदर भएबमोजिम सेक्रेटरी, डेपुटी सेक्रेटरी र असिष्टेण्ट सेक्रेटरीको सहिछाप गरी स्वीकृति निकाशा वा आदेश पठाउने गर्नुहोला ।

[ सहि ] मातृकाप्रसाद कोइराला
प्रधान तथा अर्थमन्त्री .

## अर्थमन्त्रालय ( आय-विभाग ) को सूचना

भन्सारको सालतमाम यो आषाढ मसान्तमा भएकोले ०६ साल श्रावण १ गतेदेखि १० साल आषाढ मसान्ततक वर्ष १ को भन्सार महसूल नबुझाई म्याद पाउने व्यक्ति र सरकारी अड्डा अड्डाको निमित्त झिकाई आएका मालको महसूलमध्येमा कन्ट्र्याक्टर ठेकदार व्यक्तिले वा मार्फत गरी झिकाई आएका मालको महसूल मिनाहा नहुने गजेट प्रकाश भएको, त्यस्तो कन्ट्र्याक्टर ठेकदार व्यक्तिले वा मार्फत गरी झिकाई आएको समेत झिकाउने अड्डाले र महसूल बुझाउन म्याद पाउने व्यक्तिसमेतले बुझाउनु पर्ने महसूल यो आउने भाद्र महिनाभरमा चुक्ती गरी बुझाउनुपर्छ। सोम्यादभित्र बुझाउन सकेन भने साल शुरु मितिदेखि बुझाएका दिनसम्मको सैका २५। ले सूद लाग्नेछ भन्ने सबैलाई थाहा पाउने गर्नलाई यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी,—अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

# अर्थमन्त्रालयको सूचना

श्री ५ महाराजाधिराजको हुकुममुताबिक जिल्ला जिल्लाबाट झिकाई आउनुभएको बडाहाकिमहरूको सम्मेलनमा वहाँहरूले जिल्ला मालहरूमा जम्मा भैरहेको बाँध पैन—फण्ड तथा बाटो—फण्डको रुपैयाँहरू उक्त काम कामको लागी खर्च गर्न पाऊँ भनी प्रस्ताव राख्नुभएको थियो। नेपाल सरकारबाट सो माग उचित ठहऱ्याएको हुँदा विभिन्न मालहरूमा जम्मा भई राखेको सो बाटो—फण्ड र बाँधपैन फण्ड फुकुवा गरी सबै मालहरूलाई आदेश गइसकेको छ। यसबाट जिल्ला जिल्लाको बाटो र बाँधपैन धेरै सुधार हुने कुरा सर्वसाधारण जनतालाई थाहा होस् भन्नाका लागी यो सूचना प्रकाश गरिदिएको छ।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी,— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि